नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल
काठमाडौं नेपाल

फोन नं.: ०१-५३२४११६
०१-५३२४११७
फ्याक्स नं: ०१-५३२४१४३
ईमेल: psdyojana@gmail.com
planning@nepalpost.gov.np

पत्र संख्याः २०८२/०८३
च.नं.

## विज्ञप्ति

आज मिति २०८२ साल पौष ८ गते मंगलबारको दिन हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२४ र २५ अन्तर्गत समावसेवी ओम प्रकाश गोयलको तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान कार्यक्रम हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय जगदीश खरेलज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा विशेष अतिथि माननीय उपसभामुख इन्दिरा रानामगरज्यूको समेत सहभागिता रहेको थियो। कार्यक्रममा गोयल फाउन्डेशनकी संरक्षक एवं स्व. ओम प्रकाश गोयलकी धर्मपत्नी श्रीमती विमला गोयल, गोयल फाउन्डेशनका अध्यक्ष एवं स्व. ओम प्रकाश गोयलका ज्येष्ठ सुपुत्र कैलाशचन्द्र गोयल, माडवारी सेवा समितिका नेपालका अध्यक्ष प्रमोद कुमार अग्रवाल(चौधरी), नेपाल राष्ट्रिय माडवारी परिषद्का अध्यक्ष पवन मित्तल, फिलाटेलिक सोसाइटीका अध्यक्ष चन्द्र रवि श्रेष्ठको आतिथ्यता रहेको थियो।

प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय जगदीश खरेलज्यूले मन्तव्य राख्रुहुँदै स्व. ओम प्रकाश गोयलको योगदानबाट समाजमा पेशा व्यवसाय सँगसँगै समाज सेवा र सामाजिक उत्तरदायित्व निर्वाह गर्न अरुलाई पनि प्रेरणा प्रदान गरेको बताउनुभयो। विशेष अतिथि माननीय उपसभामुख इन्दिरा रानामगरज्यूले स्व. ओम प्रकाश गोयलको योगदानले नेपालको शिक्षा, स्वास्थ्य, खानेपानी, धर्मशाला, बाल बिकास केन्द्र निर्माण लगायत असह्याय बालबालिका, बृद्धबृद्धहरुको सेवामा महत्वूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। नेपाल राष्ट्रिय माडवारी परिषद्का अध्यक्ष पवन मित्तलले स्व. ओम प्रकाश गोयलको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्ने कार्यले पेशागत व्यवसायीहरुलाई समाज सेवा गर्न थप हौसला प्रदान गरेको बताउनुभयो। गोयल फाउन्डेशनका अध्यक्ष एवं स्व. ओम प्रकाश गोयलका ज्येष्ठ सुपुत्र कैलाशचन्द्र गोयलले कार्यक्रममा स्वागत मन्तव्य राख्रुहुँदै स्व. ओम प्रकाश गोयलको संक्षिप्त जीवनी प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमका अध्यक्ष एवं हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूले हुलाक टिकटले अन्तराष्ट्रिय जगतमा नबोल्ने राजदुतको रुपमा महत्वपूर्ण योगदान गर्ने बताउदुहुँदै स्व. ओम प्रकाश गोयलले सामाजिक तथा व्यवसाय क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै उहाँको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गरिएको बताउनु भएको थियो।

कार्यक्रममा हुलाक सेवा विभागका निर्देशक द्वय श्री लिलाराज पौडेल र श्री जमुना मिश्र, गोश्वारा हुलाक कार्यालयका प्रमुख हुलाक अधिकृत श्री ढाल बहादुर जि.सी., विभिन्न हुलाक निर्देशनालयका हुलाक निर्देशकहरु, विभागका अधिकृतहरु, जिल्ला हुलाक कार्यालयका हुलाक अधिकृतहरु, Asia Pacific Postal Union का Consultant श्री सन्दिप के पि, विभिन्न पेशा तथा व्यवसायी संगठनका पदाधिकारीहरु, फिलाटेलिक सोसाइटीका पदाधिकारीहरु, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

लिला राज पौडेल
निर्देशक एवं प्रवक्ता